# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असोज ११ गते २०३६ साल [ अतिरिक्ताङ्क ३७

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२८

## राजस्व न्यायाधिकरण ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : राजस्व न्यायाधिकरण ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राजस्व न्यायाधिकरण (दोस्रो संशोधन) ऐन, २०३६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ मा संशोधन : राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ को, –

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ:–

"(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गत न्यायाधिकरण वा क्षेत्रीय अदालतमा पुनरावेदन गर्दा देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन:–

(क) कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरीवाना भएकोमा जरीवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरीवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरीवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा,

(ख) भन्सार महसूल वा अन्तःशुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसूल वा अन्तःशुल्कको रकम र जरीवाना भएकोमा जरीवानाको रक[म] र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरीवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा,"

(२) उप-दफा (२) झिकिएको छ।

लालमोहर सदर मिति:– २०३६।६।११।५

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

३३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।